# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं. ०७४/७५ प्र.शा.

मिति : २०७४/५/२८

च.नं. १६७१६

(भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३)

श्री वडा कार्यालयहरु सवै,

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७४/५/४ र १६ गते वसेको वैठकको निर्णय प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

२०७४/५/२८

कानुन अधिकृत

वोधार्थ :

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री ........................शाखा,

भरतपुर महानगरपालिका । (आवश्यक कार्यार्थ)


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014

E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np


(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७४/५/४ गते वसेको वैठकवाट पारित निर्णय ।

निर्णय नं. १

सूचना प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्दा सेवा प्रवाहमा प्रभावकारीता आउने, विषेश गरी सार्वजनिक स्थानमा आवतजावत गर्ने सेवाग्राही र यात्रुहरुलाई तत्काल सार्वजनिक सूचनाको समेत जानकारी आवश्यक हुने हुँदा इन्टरनेटको प्रयोग जरुरी भएकोले उक्त कुरालाई मध्यनजर गरि भरतपुर महानगरपालिकाको केन्द्रिय बस टर्मिनल र पुरानो बसपार्क (पोखरा बसपार्क) मा २ Mbps क्षमताको Free Wifi सुविधा प्रदान गर्ने र अन्य क्षेत्रमा सम्भाव्यता अध्ययन गरी विस्तार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २

यस भरतपुर महानगरपालिकामा हालै आएको अविरल वर्षाका कारण क्षति भएका भौतिक संरचनाहरु (सडक, पुल, पुलेसा) को तत्काल मर्मत संभार गरी सूचारु गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थतीमा निर्माण गर्ने प्रक्रिया अवलम्बन गरी वडा कार्यालय मार्फत गर्ने र वर्षातका समयमा भएको डुवान हटाउने वडा कार्यालय मार्फत भएको कार्यहरु समर्थन गरी नगर कार्यपालिकाबाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नगरपालिकाको वैठक अनुशासीत र मर्यादीत रुपमा संचालन गर्न कार्यविधि तयार गरी संचालन गर्न आवश्यक भएकोले संलग्न प्रस्ताव बमोजिम कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिकाका नवनिर्वाचित प्रमुख र उप–प्रमुखबाट पद बहालिको क्रममा निर्णय भएको भरतपुर अस्पतालमा परिक्षण गर्न जाने महिला र ६० वर्ष भन्दा माथिका पुरुषलाई निःशुल्क बहिरङ्ग टिकट उपलव्ध गराउने र सो वापत लाग्ने शुल्क भरतपुर अस्पतालबाट प्रत्येक महिना प्राप्त हुने विल बमोजिमको रकम महानगरपालिकाको आन्तरिक आयबाट खर्च गर्ने र मातृ शिशुको खोप कार्यक्रमलाई विस्तार गरि प्रभावकारी बनाउने निर्णय समर्थन गरियो ।

निर्णय नं. ५

यहि श्रावण २७, २८ र २९ गते आएको अविरल वर्षाका कारण महानगरपालिकाका अधिकांश भाग र विषेश गरी वडा नं. १३, २२, २७ र २८ मा भएको भौतिक क्षति र चितवन जिल्ला लगायत नेपालका विभिन्न भागमा भएको धनजनको क्षति प्रति यो वैठक हार्दिक सहानुभूति व्यक्त गर्दछ । उक्त वर्षा र वाढी पहिरोको कारण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु भएका प्रति हार्दिक श्रद्धाञ्जली र परिवारमा हार्दिक संवेदना प्रकट गर्दछ । उल्लेखित वर्षा र वाढी पहिरोबाट यस महानगरपालिकाका विभिन्न वडामा विस्थापित भएका परिवारहरुलाई राहत वितरणमा सहयोग गर्ने सवै निकाय प्रति हार्दिक धन्यवाद व्यक्त गरी क्षतिग्रस्त संरचना निर्माणमा भरतपुर महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय द्रुत गतिमा लाग्ने निर्णय गरियो ।

**विविध :**

निर्णय नं. १

यहि November 5-8, 2017 सम्म श्रीलंकामा आयोजना हुने एसिया प्रसान्त क्षेत्रका नगर प्रमुखहरुको CITYNET Conference कार्यक्रममा सहभागिता हुन प्रमुख श्री रेनु दाहालज्यूलाई निमन्त्रणा प्राप्त भएकोले उक्त कार्यक्रममा प्रमुखज्यू सहभागी हुने निर्णय गरियो ।

निर्णय नं. २

यस महानगर क्षेत्रभित्र सडकमा देखिने छाडा चौपायाहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गरियो । यसका लागि आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

कानुन अधिकृत

निणय नं. १

मिति २०७४।३।८ गते प्रकाशित ठेक्का सूचना बमोजिम पेश भएका ३ वटा सिलबन्दी बोलपत्र साक्षी प्रतिनीधिहरुको रोहवरमा खोलीएकोमा निर्वाचित जनप्रतिनिधीहरुको पद बहाली भए संगै महानगरको यस संबन्धी नीतिगत स्पष्टता र मार्गनिर्देशनको आवश्यक महसुस गरि ठेक्का प्रकृयालाई यथास्थितीमा राखिएको अवस्थामा शहरलाई ब्यवस्थित गर्दै सफा, सुन्दर, ब्यबस्थित र समृद्ध महानगर बनाउन होर्डिङ्गवोर्ड राख्ने कार्य क्रमश: निरुत्साही गर्दै आय स्रोतको विकल्प खोजी गर्दै जाने र महानगर नगरकार्यपालिकाले तोकेका स्थान र साइज तथा महानगरको सौन्दर्यलाई असर नपर्ने गरी हाललाई उक्त ठेक्का प्रकृया सार्वजनिक खरिद ऐन बमोजिम  अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २

सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(ग) एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६८(१) बमोजिम मिति २०७४।३।८ गते प्रकाशित भरतपुर महानगरपालिका वडा नं ३ स्थित तरकारी तथा फलफुल र वडा नं. २ स्थित बालकुमारी खुद्रा बजार ब्यवस्थापन तथा संचालन गर्ने ठेक्का सूचना प्रकासीत गरिएकोमा भरतपुर महानगरपालिका वडा नं. ३ स्थित फलफुल तथा तरकारी थोक वजार हालको स्थानमा संचालन गर्नका लागि उपयुक्त नभएकाले २०७४ पुष मसान्त भित्र अन्यत्र व्यवस्थापन गर्न भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, संबन्धित व्यावसायी, चितवन उद्योग बाणिज्य संघ विच आपासी सहमती भई सो को विकल्पको लागि जग्गा खोजी गरि ब्यवस्थापन गर्ने,  महानगरपालिकाले जग्गा उपलब्ध गराउन हर सम्भव प्रयास गर्ने र आगामी पुष मसान्त सम्म ६ महिनाको लागि भाडा निर्धारण गर्दा महानगरपालिकाले प्रस्ताव गरेको भाडा दरलाई आधार मानी संबन्धित ब्यवसायी संग ब्यक्तीगत संझौता गरि भाडा असुल उपर गर्ने र वडा नं. २ स्थित बालकुमारी खुद्रा बजारको हकमा महानगरले टेण्डरमा प्रस्ताव गरेको र बजार मुल्यलाई आधार मानी संबन्धित ब्यवसायी संग बार्षिक रुपमा ब्यक्तीगत संझौता गरि भाडा असुल उपर गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिका नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई कानून प्रति प्रतिबद्ध रही सेवाग्राही प्रति जिम्मेवार र उत्तरदायी बन्न अभिप्रेरित गर्नुका साथै कर्मचारीको मनोवलमा सकरात्मक परिवर्तन ल्याई सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाई सुशासन कायम गर्न मद्दत पुग्ने र कर्मचारीहरुको व्यबहारलाई शिष्ट वनाउनका लागि कर्मचारीहरुको आचार संहिता २०७४ बनाउन आवश्यक देखिएकोले प्रस्ताव गरे वमोजिम आचार संहिता स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिका क्षेत्रको सिमान गोन्द्राङ देखि पुल्चोक हुदै पोखरा बसपार्क (नारायणगढ बसपार्क) सम्मको क्षेत्रको बजार (फुटपाथ र पार्किङ्ग) व्यवस्थापन गर्न अनधिकृत रुपमा राखेको पार्किङ्ग पूर्ण रुपमा हटाई सो स्थानलाई निर्वाध यातायातका साधन संचालन गर्न सक्ने स्थानको

कानुन अधिकृत

रुपमा बिस्तार गर्ने सन्दर्भमा हाल पुल्चोक देखि लायन्स चोक सम्मा मिति २०७४ साल असोज १ गते देखि लागु हुने गरि पार्किङ्ग व्यवस्थापन गर्ने र अन्य स्थानमा क्रमश विस्तार गर्दै लैजाने, कालो पत्रे सडकमा ठेला राख्न निषेध गर्ने, सडकमा फुटपाथ व्यापारीहरुलाई अन्य स्थानमा व्यवस्थापन गर्न व्यवसायी समेतको संलग्नतामा प्रकिया अगाडी बढाउने र फुटपाथ र बाटोमा अव्यवस्थित रुपमा राखिएका होडिङ्ग बोर्ड लगायत प्रचार प्रसारका सामानहरु नगरकार्यपालिकाको मापदण्ड अनुरुप व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरपालिकाको नगर कार्यपालिका कार्य सम्पादन नियमावली तयार गरि संचालन गर्दा नगर कार्यपालिकाको कार्य सम्पादन अझ प्रभावकारी र व्यवस्थित हुनुका साथै सुशासन कायम गर्न मद्दत पुग्ने भइ नियमाबली तयार गरिएकोमा नगरकार्यपालिका सदस्यले अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिका क्षेत्र भित्रका सडकहरुमा सर्वसाधारण मानिसको आवत जावतलाई सहज र सुरक्षीत बनाउन सडक बत्ति राख्नु पर्ने भएकोले विगतमा समेत सडक बत्ति भएका, सौर्य सडक बत्ति जडान भएका वडा र अन्य वडालाई वर्गीकरण गरी वडा नं. १,२,३,१०,११ र १२ लाई १ लाख २५ हजार र अन्य वडालाई २ लाख ५० हजार रुपैया वराबरका विद्युतका सामाग्री खरीद र जडान गर्न स्वीकृती दिने र सो को भुक्तानी नगर कार्यपालिकाको आन्तरिक श्रोतवाट गर्ने निर्णय गरियो ।

कानुन अधिकृत